"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ५ । अंक २२ । २०७४ माघ, फाल्गुन र चैत्र ।



कोषको स्वीकृत संगठनात्मक संरचना अनुरूप कर्मचारी दरबन्दी मिलान गर्ने सिलसिलामा २०७४/११/२८ देखि लागू हुने गरि कायम मुकायम मुकरर हुने अधिकृत कर्मचारीहरूलाई पदस्थापन पत्र प्रदान गर्दै कोषका का. प्रशासक दीपक रौनियार, मुख्य अधिकृत राजेन्द्र काफ्ले लगायत ।

# कोषको कुल स्रोत परिचालन २ खर्व ५५ अर्व

## मुनाफाको ९२ प्रतिशत रकम सञ्चयर्ताको हितमा खर्च

कर्मचारी सञ्चय कोषले कुल स्रोत २ खर्व ५५ अर्व २९ करोड रुपैयाँ परिचालन गरेको छ । गतबर्ष २ खर्व २४ अर्व ७० करोड रुपैयाँ कोषले परिचालन गरेको थियो । आर्थिक बर्ष २०७३/७४ को लेखा परीक्षण पश्चात यो वित्तीय विवरण सार्वजनिक भएको हो ।

कर्मचारी सञ्चय कोष व्यवस्थापनले मिति २०७४ चैत्र १ गते प्रेस भेटघाट कार्यक्रममा जारी गरेको प्रेस नोट अनुसार कुल स्रोत परिचालनमध्ये उक्त अवधिमा कुल लगानी २ खर्व ४९ अर्व ३३ रहेको छ । यस्तो लगानी गत वर्ष २ खर्व १८ अर्व ३६ करोड रहेको थियो । त्यसैगरी कोषको खुद मुनाफा समिक्षा अवधिमा १ अर्व ८९ करोड रहेको छ भने गत वर्ष १ अर्व ५८ करोड रुपैयाँ रहेको थियो ।

खुद मुनाफामध्ये ९२ प्रतिशत रकम सञ्चयर्ताको हितमा खर्च गर्ने गरी कोषले सञ्चयकर्ता मुनाफा बाँडफाँड कोषमा १ अर्व ५३ करोड अर्थात खुद मुनाफाको ८१ प्रतिशत (गतबर्ष रु. १.२९ अर्व अर्थात खुद मुनाफाको ८० प्रतिशत) बाँडफाँड गरिएको छ । सो मुनाफा बाँडफाँड कोषमा जम्मा गरिएको रकमवाट सञ्चयकर्तालाई आर्थिक बर्ष २०७३/७४ को शुरु सञ्चयकोष मौज्दातको ०.७५ प्रतिशत (गतबर्ष ०.६५ प्रतिशत) रकम मुनाफाको रुपमा वितरण गरी त्यस्तो मुनाफा रकमलाई सञ्चयकर्ताको नाममा बेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरिएको छ। तदनुरुप सञ्चयकर्ता शेयर लगानीकोषमा २ अर्व ८२ अर्व करोड जम्मा भएको छ, सो रकममध्ये ८ करोड रुपैयाँ लगानी भई सकेको छ।

सञ्चयकर्ता कल्याणकारी कोषमा २० करोड ८३ लाख अर्थात खुद मुनाफाको ११ प्रतिशत (गतबर्ष रु. १५.९९ करोड अर्थात खुद मुनाफाको १० प्रतिशत) बाँडफाँड गरिएको छ । यस कोषबाट सञ्चयकर्ताको हितका लागि काजकृया खर्च ३० हजार, दुर्घटना क्षतिपूर्ति १ लाख २५ हजार, औषधोपचार सुविधा २५ हजार देखि ५० हजारसम्म र सुत्केरी तथा शिशु स्याहार खर्च ७ हजार ५ सय (दुई पटकसम्म) प्रदान गरिदै आएको छ । यस कोषबाट खर्च गर्ने गरी विशेष प्रकृतिका कडा रोगहरु जस्तो ब्रेन हेम्रेज, क्यान्सर, मृगौला डाईलासिस तथा प्रत्यारोपण, हर्ट सर्जरी, हेपाटाईसीस बी र एचआईभी आदिलाई सम्बोधन गर्ने गरी सञ्चयकर्ता स्वास्थ्य सहयोग योजना लागू गर्ने तयारी भई रहेको छ ।

### बेतन कर्णाली हाईड्रो पावरमा सञ्चयकर्ताको शेयर स्वामित्व

प्रेस नोटमा उल्लेख भए अनुसार कोषबाट प्रवर्धित बेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर कम्पनी लिमिटेडमा कोषका सञ्चयकर्ताको चालिस प्रतिशत शेयर स्वामित्व रहने छ । ६८८ मेगावाट क्षमताको सो परियोजनाको हाल म्एच को कार्य प्रारम्भ भएको र वित्तीय स्रोतको व्यवस्थापनको लागि कोषलाई कम्पनीले अनुरोध गरी सकेको अवस्था छ। त्यस्तै भेरी बबई बहुउद्देशीय जलविध्यूत परियोजनाको निर्माण समेत यसै कम्पनीले गर्ने विषयमा सरकारीस्तरमा छलफल भई रहेको छ।

### SMS Alert System शुरु हुँदै

कोषमा आवद्ध भएका सञ्चयकर्ताहरुको सञ्चयकोष तथा सापटी सम्बन्धी कारोवारको सूचना मोवाईल फोनको एस.एम.एस. प्रणालीको माध्यमबाट कारोबार हुँदाकै बखत जानकारी गराउने उद्देश्यले कोषले SMS Alert System लागू गरेको छ।

सरकारी निजी एवम् संगठित क्षेत्रकाकर्मचारीहरुको सञ्चय कोषको व्यवस्थापन गर्ने, स्वरोजगार र बैदेशिक कामदारहरुको लागि सञ्चय कोषको व्यवस्थापन गर्ने र सञ्चयकर्ताहरुका लागि निवृत्तिभरण योजना र अन्य सामाजिक सुरक्षाका योजनाहरु सञ्चालन गर्ने कोषको प्रमुख जिम्मेवारी रहेको छ । हाल कोषमा ५ लाख ६० हजार सञ्चयकर्ता रहेका छन् ।

# सिंहदरवारमा शाखा कार्यालय



काठमाण्डौं सिंहदरवारस्थित कोषको सञ्चयकर्ता सेवा केन्द्रलाई शाखा कार्यालयमा स्तरोन्नति गरिएको छ । मिति २०७४ चैत्र २ गतेको निर्णय अनुसार काठमाडौं उपत्यका बाहिरका शाखा कार्यालयहरुले गर्ने सरहको सम्पूर्ण कामहरु गर्ने गरी सञ्चयकर्ता सेवा केन्द्र सिंहदरवारलाई शाखा कार्यालयमा स्तरोन्नति गरिएको हो ।

ओ एण्ड एम नभए सम्मका लागि मौजुदा कुल दरबन्दीबाटै मिलान गर्ने गरी हाल कार्यालय प्रमुख प्रबन्धक तह ८, लेखा तथा प्रशासन शाखा शाखा अधिकृत तह ६, सञ्चयकर्ता सेवा शाखा शाखा अधिकृत तह ६, प्रमुख सहायक तह ५ (५) दरबन्दी संरचना लागू गरिएको छ ।

सञ्चयकर्तालाई प्रभावकारी रुपमा सेवा तथा सुविधा प्रदान गर्ने उद्देश्यले विगत चार वर्ष अगाडि स्थापना गरिएको सञ्चयकर्ता सेवा केन्द्र, सिंहदरवारको कारोबारको संख्या र दायरा प्रत्येक वर्ष वृद्धि हुँदै गई रहेको, मुलुकको प्रमुख प्रशासनिक केन्द्रमा रहेको सो सेवा केन्द्र पायक स्थानमा रहेकोले सञ्चयकर्तालाई सेवा प्राप्त गर्न सहज भएको र त्यस स्थानबाट फाँटबारी इन्ट्री, डाटा शुद्धीकरण लगायत धितोमा आधारित सापटीहरु सम्बन्धी कार्य गर्न सकिने सम्भावना समेतलाई दृष्टिगत गरी शाखा कार्यालयमा स्तरोन्नति गरिएको हो ।

## यस भित्र

सापटी क्षेत्र विस्तार
सञ्चयकर्ता सेयर वितरण
फाँटबारी इन्ट्री निर्देशिका जारी
वितरित मुनाफा सेयर लगानी कोषमा
सरुवा मापदण्ड निर्धारण
अन्तिम लेखा विवरण

# सुर्खेत र कोहलपुरमा सञ्चयकर्ता सापटी क्षेत्र विस्तार




कोषले सञ्चयकर्तालाई सापटी प्रवाह गर्ने प्रयोजनको लागि क्षेत्र विस्तार गरेको छ। कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी कार्यविधि, २०७३ को अनुसूची २० (क) मा संशोधन भई कोहलपुर नगरपालिका र सुर्खेत जिल्ला अन्तर्गत धितो प्रयोजनका लागि सापटी क्षेत्रको विस्तार गरिएको छ।

विस्तार भएका क्षेत्रहरुमा कोहलपुर चौराहा आसपासका केही क्षेत्र, चपरगौडी र कोहलपुर नगरविकास समितिबाट विकसित क्षेत्र लगायत सुर्खेतका मंगलगढीदेखि बांगेसिमल, धुलियाबिट एवं लाटिकोइली सडकखण्डको दायाँबायाँतर्फका क्षेत्रहरु रहेका छन्।

संशोधनमा साविकको क्षेत्रलाई यथावत गर्दै नयाँ क्षेत्र समावेश गरिएबाट त्यस भेगका थप सञ्चयकर्ता लाभान्वित हुने अपेक्षा कोषले गरेको छ।

# फाँटबारी इन्ट्री निर्देशिका-२०७४



परिपत्र नं. ९९४ मिति : २०७४।८।२७

सञ्चयकर्तालाई स्थानीयस्तरमा प्रभावकारी सेवा सुविधा प्रदान गरी कोषको सेवा प्रवाहको गुणस्तरीयता र विश्वसनियता अभिवृद्धि गर्ने उद्देश्यले कोषका शाखा कार्यालयहरूको जिम्मेवारी र कार्यक्षेत्र क्रमश : विस्तार गरिदैं आएको परिप्रेक्ष्यमा शाखा कार्यालयहरूबाट सङ्कलन गरिएका फाँटवारीहरू सम्बन्धित शाखा कार्यालयबाट नै इन्ट्री गर्ने सम्बन्धमा संलग्न "शाखा कार्यालयबाट फाँटवारी इन्ट्री गर्ने निर्देशिका - २०७४ " बमोजिम गर्न गराउन हुन निर्णयानुसार अनुरोध गरिन्छ।

आज्ञाले,

(अर्जुन कुमार गौतम)

कोषका शाखा कार्यालयहरुको जिम्मेवारी र कार्यक्षेत्र क्रमश: विस्तार गरिदै आएको परिप्रेक्ष्यमा शाखा कार्यालयहरुबाट संकलन गरिएका फाँटबारीहरु सम्बन्धित शाखा कार्यालयबाट नै इन्ट्री गर्ने सम्बन्धमा संलग्न शाखा कार्यालयबाट फाँटबारी इन्ट्री गर्ने निर्देशिका-२०७४ लागू भएको छ।

सञ्चयकर्तालाई स्थानीय स्तरमा नै प्रभावकारी सेवा सुविधा प्रदान गरी सेवा प्रवाहको गुणस्तरीयता एवं विश्वसनियता अभिवृद्धि गर्ने उद्देश्यले कोषले सम्बन्धित सञ्चयकर्ता कार्यालयबाट फाँटवारीहरु एवं बैंक भौचरहरु प्राप्त गरी शाखा कार्यालयबाटै सञ्चयकर्ताको खातामा लेखांकन गर्ने प्रक्रिया शुरु गरेको हो। जसबाट कोषका शाखा कार्यालयहरुको जिम्मेवारी र कार्यक्षेत्र समेत विस्तार भएको छ।

# शाखा कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता



कर्मचारी सञ्चय कोषका कार्यबाहक प्रशासक एवं मुख्य अधिकृत र शाखा कार्यालय पोखरा, विराटनगर, हेटौडा र बुटवलका कार्यालय प्रमुखबीच कार्य सम्पादन सम्झौता भएको छ।

कर्मचारी सञ्चय कोषका कार्यबाहक प्रशासक दीपक रौनियार एवं मुख्य अधिकृत राजेन्द्र काफ्ले (पहिलो पक्ष) र शाखा कार्यालय पोखराका कार्यालय प्रमुख दिलिपराज पौडेल, विराटनगरका कार्यालय प्रमुख शान्ता गौतम, बुटवलका कार्यालय प्रमुख टोपाराम पण्डित र हेटौडाका कार्यालय प्रमुख ध्रुव भट्टराई (दोस्रो पक्ष) ले कार्य सम्पादन सम्झौतामा हस्ताक्षर गर्नु भएको हो।

सम्झौता अनुसार स्वीकृत कार्य विवरण अनुरुपको कार्य सम्पादन गरी कोषको सञ्चालक समितिबाट स्वीकृत आ.व. २०७४/७५ को शाखा कार्यालयको लागि तोकिएको वार्षिक कार्यक्रममा निर्धारित कार्य सम्पादन लक्ष अनुरुपको उपलब्धि हासिल गर्ने जिम्मेवारी दोस्रो पक्षको हुने छ।

यो कार्यसम्पादन सम्झौता अनुरुपको प्रगति मूल्यांकन मिति २०७४ श्रावण १ देखि २०७५ असार मसान्तसम्ममा सम्पन्न गरेको कामको आधारमा हुनेछ। कार्य सम्पादन लक्ष हासिल गर्न स्वीकृत कार्य विवरण तथा प्रचलित कानूनले तोकेको अधिकार बाहेक दोस्रो पक्षलाई स्वीकृत कार्य विवरणले निर्धारण गरेको काम, कर्तव्य, तथा जिम्मेवारी बाहेक मातहतको कुनै कर्मचारीलाई कार्य सम्पादन लक्षसँग सम्बन्धित विशेष जिम्मेवारी प्रदान गर्नु पर्ने भएमा त्यस्तो जिम्मेवारी प्रदान गर्ने र सो जिम्मेवारी पुरा गरेको आधारमा कोषको नीति नियम एवं स्वीकृत बजेटको सीमाभित्र रही उपयुक्त प्रोत्साहन वा पुरष्कार दिने, कार्य सम्पादन लक्ष र सो को उपलब्धिसँग आवद्ध हुने गरी मातहतको कर्मचारीलाई आवश्यकतानुसार अतिरिक्त समयमा काममा लगाउने र कोषको नीति नियम एवं स्वीकृत बजेटको सीमाभित्र रही खाजाखर्च प्रदान गर्ने र मातहतका कर्मचारीको कार्य सम्पादन लक्ष तोकी आवश्यकताअनुसार कार्य सम्पादन सम्झौता गर्न सक्ने अधिकार प्रदान गरिएको छ।

यसैगरी दोस्रो पक्षको कार्य सम्पादन लक्ष अनुरुपको उपलब्धि हासिल गर्न सहजीकरण र समन्वयकर्ताको भूमिका निर्वाह गर्ने जिम्मेवारी पहिलो पक्षको हुने छ। जसमा, स्वीकृत बजेट तथा उपलब्ध भौतिक स्रोतको व्यवस्थापनको माध्यमबाट आवश्यक भौतिक स्रोतको उपलब्धता सुनिश्चित गरिदिने, कर्मचारीको स्वीकृत दरबन्दीको सीमाभित्र रही उपलब्ध मानव संसाधनको वैज्ञानिक वितरणको माध्यमबाट आवश्यक मानव संसाधनको उपलब्धता सुनिश्चित गरिदिने, कार्य सम्पादन लक्षसँग सम्बन्धित स्रोत साधनको उपलब्धता एवं प्रचलित कानूनको अधिनमा रही गर्नुपर्ने नीतिगत निर्णय वा स्वीकृति यथासमायमा गरिदिने र कुनै कार्यसम्पादन लक्ष अनुरुपको उपलब्धि हासिल गर्न अर्को विभागको सहयोग र समन्वय आवश्यक पर्ने भएका सहजीकरण र समन्वय कायम गरिदिने मुख्य जिम्मेवारी रहेको छ। दोस्रो पक्षले प्रस्तुत गरेको कार्यसम्पादन लक्ष र सो को उपलब्धि सहितको मासिक कार्य प्रगति विवरणको आधारमा कोषको प्रशासक, सम्बन्धित मुख्य अधिकृत र योजना अनुगमन तथा मूल्यांकन विभागकोको विभागीय प्रमुख रहेको समितिबाट प्रत्येक महिना कार्य सम्पादनसतरको अनुगमन तथा मूल्यांकन हुने छ। सम्झौतामा कार्यसम्पादन मूल्यांकन प्रक्रिया लगायत कार्यसम्पादन मूल्यांकनका थप आधारहरु समेतको पहिचान गरिएको छ।

८० प्रतिशत वा सो भन्दा बढी कार्यसम्पादन लक्ष्य हासिल भएमा दोस्रो पक्षलाई वा दोस्रो पक्षको सिफारिसमा सम्बन्धित शाखा कार्यालयका कर्मचारीहरुलाई पहिलो पक्षबाट उचित आर्थिक प्रोत्साहन वा ग्रेड पुरस्कार, बैदेशिक तालिमको अवसर लगायतका उपयुक्त पुरस्कारबाट पुस्कृत गरिने सम्झौतामा उल्लेख छ।

## रसुवागढी र सान्जेन हाइड्रोपावर

# सञ्चयकर्तालाई सेयर बाँडफाड




रसुवागढी जलविद्युत् कम्पनी र साञ्जेन जलविद्युत् कम्पनीको सिमित साधारण शेयर (आइपिओ) बाँडफाँड भएको छ। दुवै आयोजनाका प्रमुख तथा बिक्री प्रबन्धकको उपस्थितिमा चैत्र १८ गते आइतवार शेयर बाँडफाँड गरिएको हो। कर्मचारी सञ्चय कोषका सञ्चयकर्तासँगै संस्थापक कम्पनीका लगानीकर्तालाई संयुक्त रुपमा शेयर बाँडफाँड गरिएको हो।

रसुवागढी ले निष्काशन गरेको आईपिओमा ५० देखि ७० कित्तासम्म सेयर माग गरेका सञ्चय कोषका सञ्चयकर्ताले माग अनुसार नै सेयर प्राप्त गरेका छन्। ८० कित्तादेखि ५०० कित्तासम्म माग गर्ने लगानीकर्तामध्ये ६८ हजार १८ जनाले ८० कित्ता तथा पाँच जनाले ७१ कित्ता सेयर प्राप्त गरेका छन्। फागुन ११ देखि ३० गतेसम्म रसुवागढीले पहिलो चरणमा कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका लागि १ करोड ३३ लाख ४२ हजार ९५ कित्ता साधारण सेयर निष्काशन गरेको थियो।

पहिलो चरणमा कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका लागि निष्काशन गरिएको सो सेयरमा एक लाख ८८ हजार ९६३ आवेदकले ५.०२ गुणा बढी ६ करोड ६९ लाख ६६ हजार २६ कित्ता सेयर माग गरेका थिए। आवेदन गरेका कूल आवेदकमध्ये एक हजार ८५ आवेदकको तीन लाख १३ हजार ६५६ कित्ता सेयरको माग आवेदनमा देखिएको त्रुटीका कारण रद्ध भएको छ। एक लाख ८७ हजार ८७८ जना आवेदकको ६ करोड ६६ लाख ५२ हजार ३७० कित्ता सेयर सदर भएको थियो।

५० कित्ता सेयर सेयर माग गर्ने २४ हजार १८८ जनालाई ५० कित्ताको दरले १२ लाख ९ हजार ४०० कित्ता सेयर बाँडफाँड गरिएको छ। त्यस्तै ६० कित्ता सेयर माग गरेका ५७९ जना आवेदकलाई ६० कित्ताको दरले ३४ हजार ७४० कित्ता सेयर बाँडफाँड गरिएको छ। ७० कित्तादेखि ५०० कित्तासम्म सेयर माग गर्ने एक लाख ६३ हजार १११ जना आवेदकलाई ७० कित्ताको दरले एक करोड १४ लाख १७ हजार ७७० कित्ता सेयर वितरण गरिएको छ। ७० कित्तासम्म सेयर माग गरेका सबै आवेदकले माग अनुसारको नै सेयर प्राप्त गरेका छन्।

यसरी बाँडफाँड गरेर बाँकी रहेको ६ लाख ८० हजार १८५ कित्ता सेयर ८० कित्तादेखि ५०० कित्तासम्म आवेदन गर्ने एक लाख ६२ हजार ६३९ जनामध्ये गोलाप्रथाबाट ६८ हजार १८ जनाले थप १० कित्ता गरि ८० कित्ता सेयर बाँडफाँड गरिएको छ। यसबाट बाँकी रहेको पाँच कित्ता सेयर ९४ हजार ६२१ जनालाई गोलाप्रथामा सहभागिता गराएर एक कित्ताका दरले पाँच जनालाई वितरण गरिएको हो।

यस्तै, साञ्जेन जलविद्युत्त कम्पनीले पहिलो चरण फागुन ११ देखि ३० गतेसम्म कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका लागि निष्काशन गरेको सेयर समेत आइतबार बाँडफाँड भएको छ। साञ्जेनले ७१ लाख १७ हजार ५०० कित्ता साधारण सेयर निष्काशन गरेकोमा एक लाख ८५ हजार ३५ जना आवेदकले चार करोड २० लाख ३१ हजार २०० कित्ता सेयर माग गरेका थिए। साञ्जेनमा आवेदन गरेका सबै एक लाख ८५ हजार ३५ जना आवेदकलाई ३० कित्ताका दरले ५५ लाख ५१ हजार ५० कित्ता सेयर बाँडफाँड गरिएको छ। कम्पनीमा आवेदन गरेका एक लाख ८५ हजार ३५ जना आवेदकमध्ये एक लाख ५६ हजार ६४५ आवेदकलाई बाँकी रहेको १५ लाख ६६ हजार ४५० कित्ता सेयर थप १० कित्ताका दरले सेयर बाँडफाँड गरिएको छ।



रसुवा जिल्लाको चिलिमेमा रहेको सान्जेन जलबिद्युत आयोजनाको निर्माणाधिन सुरुङ्गमार्ग।

यसरी हेर्दा एक लाख ५६ हजार ६४५ आवेदकले ४० कित्ता सेयर प्राप्त गरेका छन् भने २८ हजार ३९० जना आवेदकले मात्र ३० कित्ता सेयर प्राप्त गरे।
पहिलो चरणमा निष्काशित आईपिओमा न्यूनतम ५० देखि बढीमा ३०० कित्तासम्म आवेदन दिनसक्ने व्यवस्था थियो।

सान्जेन हाइड्रोपावरले दोस्रो चरणमा खुला गरेको आइपीओमा ९ हजार ५६४ जनाले आवेदन दिएका छन्। उनीहरुले २६ करोड ८२ लाख ३७ हजार ६ सय रुपैयाँ बराबरको सेयर भरेका हुन्। दोस्रो चरणमा ऋण प्रदायक कम्पनी, सञ्चय कोष तथा रसुवा जिल्लाका कर्मचारीहरुलाई सेयर खुला गरिएको हो। कुल आवेदकमध्ये ऋणदाता कम्पनी र रसुवा जिल्लाका कर्मचारीका तर्फबाट ८ हजार ९७७ जनाले आवेदन दिएका छन्। उनीहरुबाट २६ लाख ४२ हजार ४३० कित्तामा २६ करोड ४२ लाख ४३ रुपैयाँको आवेदन परेको छ।

यसैगरी कर्मचारी सञ्चय कोषका ५८७ जना कर्मचारीले पनि सेयर भरेका छन्। उनीहरुले ३९ हजार ९४६ कित्ताका लागि ३९ लाख ९४ हजार ६ सय रुपैयाँको आवेदन दिएको बिक्री प्रबन्धक नागरिक लगानी कोषले जानकारी दिएको छ।

यस्तै रसुवागढीमा ९ हजार ५७१ जना आवेदकबाट ५१ करोड ३२ लाख ५८ हजार रुपैयाँ बराबरको आवेदन परेको छ। आवेदन दिनेमा ऋण प्रदायक कम्पनीहरु र रसुवा जिल्लाका कर्मचारीहरु गरी कुल ८ हजार ९८६ जना आवेदकले ४३ लाख ९३ हजार ७३० कित्ताका लागि आवेदन दिएका छन्। उनीहरुबाट ४३ करोड करोड ९३ लाख ७३ हजार रुपैयाँको आवेदन परेको हो।

यसैगरी, सञ्चय कोषका ५८५ जना कर्मचारीले ७ लाख ३८ हजार ८५० कित्तामा आवेदन दिएका छन्। उनीहरुबाट ७ करोड ३८ लाख ८५ हजार रुपैयाँ आवेदन परेको बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटलले जानकारी गराएको छ।

# मुनाफा सेयर लगानी कोषमा जम्मा गरिने



कोषको आर्थिक वर्ष २०७३/७४ मा खुद मुनाफा १ अर्व ८९ करोड ३७ हजार १ हजार ६३२ रुपैयाँ रहेको छ। आर्थिक वर्ष २०७३/७४ को अन्तिम लेखा परिक्षण सम्पन्न भए पश्चात यो खुद मुनाफा कायम भएको हो। खुद मुनाफामध्ये १ अर्व ५३ करोड ३८ लाख ९८ हजार ४८४ रुपैयाँ मुनाफाकोषमा जम्मा गरिएको छ। सो मुनाफा कोषमा जम्मा गरिएको रकमबाट सञ्चयकर्तालाई आर्थिक वर्ष २०७३/७४ को शुरु सञ्चय कोष मौज्दातको ०.७५ प्रतिशत रकम मुनाफाको रुपमा वितरण गरिने छ। त्यस्तो वितरित मुनाफा रकमलाई सञ्चयकर्ताको नाममा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेडको सेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता सेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरिएको व्यवस्थापनले जनाएको छ।

## बेतन कर्णाली हाइड्रोपावर आयोजना

# वित्तीय स्रोत व्यवस्थापन सम्झौता सम्पन्न



कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताहरुको शेयर लगानी रहेको बेतन कर्णाली हाइड्रोपावर आयोजनामा थप वित्तीय स्रोत जुटाउने विषयमा समझदारी भएको छ । कोष एवं नबिल बैंक र एसबिआई बैंकबिच बैंकिङ सहबित्तीयकरण मार्फत ऋण ब्यबस्थापन गर्ने सहमतिपत्रमा मिति २०७४ चैत्र २९ गते हस्ताक्षर भएसँगै औपचारिक रुपमै आयोजनाको ऋण ब्यबस्थापन कार्य अघि बढेको हो ।

बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडले अगाडी बढाएको ६८८ मेगावाट क्षमताको उक्त आयोजना निर्माणको लागि ऋण व्यवस्थापन गर्न यसअघि सो कम्पनीको सञ्चालक समितिले कोषलाई औपचारिक आग्रह गरेको थियो । सोही बमोजिम आयोजनाको वित्तीय स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा कोष र उक्त बैंकहरुबीच वित्तीय स्रोत व्यवस्थापन गर्ने समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सहमतिपत्रमा कोषका तर्फबाट कार्यवाहक प्रशासक दीपक रौनियारले हस्ताक्षर गर्नुभएको छ भने नेपाल एसबिआई बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अनुकुल भटनागर तथा नबिल बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले हस्ताक्षर गर्नुभएको छ ।

कोषका कार्यवाहक प्रशासक दीपक रौनियारद्वारा मिति २०७४ चैत्र ३० गते जारी गरिएको परिपत्रमा उल्लेख भएअनुसार दुबै बैंकहरुले आयोजनाको लागि आवश्यक आंशिक स्रोत अर्थात २५ अर्ब रुपैयासम्म बैंकिङ सहवित्तीयकरण समूह गठन गरी ऋण व्यवस्थापन गर्नेछन् ।

## ग्रेडबाट कर्मचारीहरु पुरस्कृत

कोषको परिपत्र नं ९९९ अनुसार कार्यरत कर्मचारीहरुलाई २०७४ माघदेखि लागु हुने गरी प्रोत्साही पुरष्कार स्वरुप २ ग्रेड वृद्धिबाट पुरष्कृत गरिएको छ । कर्मचारी सञ्चय कोष, प्रोत्साही पुरष्कार तथा दण्ड सम्बन्धि कार्यविधि बमोजिम कर्मचारीहरुलाई सो ग्रेड वृद्धि प्रदान गरिएको हो । यसरी ग्रेड वृद्धिबाट पुरष्कृत हुने कर्मचारीहरुको सँख्या ८१ रहेको छ ।

# सरुवा मापदण्ड निर्धारण

## सरुवा प्रणाली थप व्यवस्थित, पारदर्शी र पूर्वानुमानयोग्य हुने विश्वास

कोषमा नयाँ नियुक्ति हुने कर्मचारीहरुलाई दरबन्दी उपलब्ध भएसम्म काठमाडौं उपत्यका बाहिरका शाखा कार्यालयहरुमा योग्यताक्रमको आधारमा शाखा कार्यालयको क्रम निर्धारण गरी पदस्थापन तथा सरुवा गरिने छ ।

कर्मचारी सञ्चय कोषमा कार्यरत कर्मचारीहरुको सरुवा सम्बन्धी व्यवस्थालाई पारदर्शी, व्यवस्थित र पूर्वानुमान योग्य बनाउने अभिप्रायले सो मापदण्ड सार्वजनिक गरिएको हो । कोषको कर्मचारी सेवाशर्त नियमावली (संशोधन सहित), २०४८ को नियम ११ को उपनियम (९) को अधिनमा रही बनाइएको सो मापदण्डमा नयाँ नियुक्ति हुने कर्मचारीको संख्या शाखा कार्यालयमा रिक्त पद भन्दा बढी भएमा योग्यताक्रमको पछिल्लो क्रमको आधारमा शाखा कार्यालयमा पदस्थापन गरिने उल्लेख छ ।

पद रिक्त भएपछि योग्यताक्रमका बाँकी कर्मचारीहरुलाई क्रमानुसार शाखा कार्यालयमा पदस्थापन गर्दै लगिने छ । सरुवा तथा पदस्थापन गर्दा योग्यता, लिंग, जात, धर्म र अन्य अवस्थाको आधारमा कुनै संरक्षण हुने छैन ।

यसैगरी कोषमा हाल कार्यरत कर्मचारीहरुलाई शाखा कार्यालयमा सरुवा वा पदस्थापन गर्दा तय अन्य मापदण्डमा शाखा कार्यालयमा सरुवा वा पदस्थापन गर्दा कर्मचारीलाई पायक र अनुकुल हुने गरी रिक्त पद उपलब्ध भएसम्म विभिन्न शाखा कार्यालयको छनौट गर्ने अवसर प्रदान गरिने छ । पति/पत्नी दुवै जना कोषमा कार्यरत भएको अवस्थामा दरबन्दी उपलब्ध भएसम्म एउटै कार्यालयमा सरुवा वा पदस्थापन गरिने छ ।

सरुवा वा पदस्थापन मापदण्डको अन्य क्रममा विगतमा एक पटक पनि शाखा कार्यालय नगएका कर्मचारीहरु, बढुवा वा कायम मुकायम पाएका कर्मचारीहरु, बढुवा वा कायम मुकायम पाएका कर्मचारीहरु, कोषको मनोनयनमा अध्ययन विदामा रहेका कर्मचारीहरु (अध्ययनको समाप्ति पश्चात) र ग्रेड पुरस्कार पाएका कर्मचारीहरु रहेको जनाइएको छ ।

# कोष व्यवस्थापन र युनियनबीच छलफल

कर्मचारी सञ्चय कोष व्यवस्थापन र कार्यरत युनियनबीच समसामयिक विषयमा छलफल भएको छ ।

कोषको संस्थागत सुदृढिकरणको लागि दुवै पक्षबाट सहयोग पुऱ्याउने उद्देश्यका साथ सो छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

पार्क भिलेज रिसोर्ट, बुढानिलकण्ठमा २०७४ माघ २६ र २७ आयोजित सो छलफल कार्यक्रममा सहभागीहरुले कोषको संस्थागत सुदृढिकरणमा विद्यमान समस्याहरुको समाधानमा जोड दिएका थिए । कार्यक्रममा मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुखले छलफलका लागि विषयवस्तुको विवरण प्रस्तुत गर्नु भएको थियो । त्यस्तै कोषमा कार्यरत तीन वटै युनियनहरुका तर्फबाट बेग्लाबेग्लै कार्यपत्र प्रस्तुत भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कार्यवाहक प्रशासक दीपक रौनियारले युनियनहरुको सहयोगी भूमिकाको प्रशंसा गर्दै संस्थाको प्रगतीका लागि आगामी दिनमा समेत युनियन र व्यवस्थापनको सुमधुर सम्बन्ध हुनुपर्ने बताउनु भयो ।

मुख्य अधिकृत राजेन्द्र काफ्लेले कोषमा युनियनहरुले निर्वाह गरेको सहयोगी भूमिका सह्रानिय रहेको भन्दै साझा समस्याको समाधानमा युनियनले देखाएको सुझबुझपूर्ण क्रियाकलापका लागि धन्यवाद दिनु भयो ।

कार्यक्रममा विभागीय प्रमुखहरु, उपत्यकामा रहेका वरिष्ठ प्रबन्धकहरु र तीन वटै युनियनका ४/४ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका प्रबन्धक ध्रुव प्रसाद तिवारीले गर्नु भएको थियो ।

## कर्मचारी सञ्चय कोषबाट विभिन्न सापटी लिई सापटी चुक्ता नगर्ने ऋणीहरुलाई कोषको अत्यन्त जरूरी सूचना

कोषबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक ऋण र सरल चक्र कर्जा उपभोग गरेका ऋणीहरूले कोषलाई बुझाउनु पर्ने नियमित किस्ता (साँवा तथा व्याज) रकम एवं कर्जाको भाखा नाघेका ऋणीहरूले कोषलाई भुक्तान गर्नुपर्ने सम्पूर्ण साँवा व्याजको रकम बि.सं. २०७४ चैत्र मसान्त भित्र यस विभागमा एवं ऋण लिएको कोषको शाखा कार्यालयहरुमा सम्पर्क गरी बुझाउन हुन सूचित गरिन्छ ।

ठमेल स्थित कार्यालयबाट ऋण उपभोग गर्नु भएका सञ्चयकर्ताहरूले तल उल्लेखित बैंकको खाता नम्बरहरूमा रकम बुझाई तपसिल Mail ID मा भौचर पठाईदिनुहुन अनुरोध गरिन्छ ।

दाखिला गर्ने बैंकहरूको नाम र खाता नं.

१) हिमालयन बैंक लि.: ०१९०००२२९८०१०८,
२) नेपाल इन्भेष्टमेन्ट बैंक लि.: ००४०१०१०२५४३७३,
३) एभरेष्ट बैंक लि. : ००१००१०५०००१८

Mail Id: hloan@epfnepal.com.np

कर्मचारी सञ्चय कोष
संचयकर्ता कर्जा तथा असुली विभाग
ठमेल, काठमाण्डौ , फोन नं. ४२१५२०६, ४२५२५२८ र ४२५२५०८

# बैदेशिक तालिममा सहभागीता



कर्मचारी सञ्चय कोषका पदाधिकारीहरुद्वारा नेपाल वायु सेवा निगमको संयोजनमा निगमले खरिद गर्न लागेको एयरबसको खरिद प्रक्रिया एवं निर्माण चरणको अवलोकन गरिएको छ । २०१८ अप्रिल ११ देखि १९ सम्म फ्रान्सको लागि भएको अवलोकन भ्रमण आयोजन निगमले गरेको थियो । सो एयरबस गरिद गर्न निगमलाई कोषले ऋण लगानी गरेको छ । अवलोकन भ्रमणमा मुख्य अधिकृत राजेन्द्र काफ्ले, का.मु.ना.मु.अ. भरत बस्ती र का.मु.ना.मु.अ. अर्जुन कुमार गौतम सहभागी हुनुहुन्थ्यो ।

२०१८ अप्रिल १६ देखि २० सम्म AIT EXTENSION थाइल्याण्डद्वारा आयोजित ग्राहक सम्पर्क व्यवस्थापन तालिममा कोषका २१ जना अधिकृत कर्मचारी सहभागी हुनु भएको छ । तालिमको पर्यवेक्षकका रुपमा प्रवन्धक (सिभिल इन्जिनियर) पवन देउजा रहनु भएको थियो ।

२०१८ अप्रिल ८ देखि १४ सम्म MDI CAMPUS गुंडगाँव इन्डियाद्वारा आयोजित एडभान्स मेनेजमेन्ट कोर्षमा कोषका २१ जना अधिकृत कर्मचारी सहभागी हुनु भएको छ । तालिमको समन्वयकर्ताको रुपमा वरिष्ठ प्रवन्धक दामोदर प्रसाद सुवेदी रहनु भएको थियो ।

२०१८ मार्च १९ देखि २३ सम्म PDUNASS, दिल्ली भारतद्वारा आयोजित ग्राहक सम्पर्क व्यवस्थापन तालिममा कोषका २७ जना अधिकृत कर्मचारी सहभागी हुनु भएको छ । तालिमको पर्यवेक्षकका रुपमा प्रवन्धक ध्रुव प्रसाद तिवारी रहनु भएको थियो ।

२०१७ डिसेम्बर ११ देखि १६ सम्म PDUNASS दिल्ली भारतद्वारा आयोजित सामाजिक सुरक्षाको व्यवस्थापन तालिममा कोषका ३ जना अधिकृत कर्मचारी सहभागी हुनु भएको छ ।

२०७४ भाद्र २३ देखि २७ सम्म नेशनल युनियन बैंकिग इम्प्लोई मलेशियाद्वारा आयोजित तालिममा युनियनकर्मी बैकुण्ठ अर्याल र डम्बरा देवी अर्याल सहभागी हुनु भएको थियो ।

२०१८ फेब्रुअरी १९ देखि २२ सम्म ADIAF को वार्षिक साधारण सभामा कोषका कार्यवाहक प्रशासक दीपक रौनियार का.मु.ना.मु.अ. विष्णु प्रसाद पौडेल र का.मु. प्रबन्धक रवि तामांग सहभागी हुनु भएको थियो ।

२०७४ मंशिर ४ देखि १० सम्म APRO फाइनान्स सेक्टर कन्फरेन्स इन्डोनेशियाद्वारा आयोजित तालिममा युनियनकर्मी धर्म प्रसाद खनाल सहभागी हुनु भएको थियो ।

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## वासलात

२०७४ आषाढ मसान्त

रकम रु.

| विवरण | | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| **१. कोषको स्रोत** | | | | |
| १.१ | सञ्चय कोष | १ | २४६,५३४,३६१,८७९ | २१७,६०५,८२२,००६ |
| १.२ | मुनाफाबाट सिर्जना गरिएको जगेडा तथा अन्य कोष | २ | ६,२३०,५३३,५६७ | ४,६५८,४०७,४६५ |
| १.३ | पूँजीगत जगेडा कोष | ३ | - | - |
| १.४ | दायित्वहरू | ४ | ९८८,००१,४९२ | ८७५,०३७,३१२ |
| १.५ | व्यवस्थाहरू | ५ | १,६३४,६२८,७५१ | १,५५६,४९४,००३ |
| जम्मा | | | २५५,३८७,५२५,६८९ | २२४,६९५,७६०,७८६ |
| **२. कोषको उपयोग** | | | | |
| २.१ | नगद तथा बैंक मौज्दात | ६ | ६,३६४,००४,२४४ | ४,१७३,३८५,५३९ |
| २.२ | राष्ट्रिय बचतपत्र तथा ऋणपत्रमा लगानी | ७ | १३,९८८,०४३,८७७ | १५,४६५,६२०,९४८ |
| २.३ | मुद्दती निक्षेपमा लगानी | ८ | ५४,५००,०००,००० | ५८,०४२,३५६,०६५ |
| २.४ | डिवेन्चरमा लगानी | ९ | - | - |
| २.५ | शेयरमा लगानी | १० | ३,०५६,६२८,१४१ | २,२२०,५३०,७४१ |
| २.६ | परियोजना कर्जा | ११ | ३२,३३१,७३९,११० | २३,३६५,५०७,६७२ |
| २.७ | सञ्चयकर्ता सापटी | १२ | १४१,३९९,४०५,८८१ | ११८,१४८,४१३,७८५ |
| २.८ | आवास परियोजनामा लगानी | १३ | - | - |
| २.९ | स्थिर सम्पत्तिमा लगानी | १४ | ७२८,७२९,३९३ | ७५७,७०६,४१६ |
| २.१० | स्थिर सम्पत्ति | १५ | ४०६,२३९,८८२ | ३७७,९६६,०९३ |
| २.११ | निर्माणाधीन सम्पत्ति | १६ | ८,७६७,२२३ | २,१६८,३५३ |
| २.१२ | विविध सम्पत्ति | १७ | २,६०३,९६७,९३८ | २,१४२,१०५,१७४ |
| जम्मा | | | २५५,३८७,५२५,६८९ | २२४,६९५,७६०,७८६ |

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

# आय विवरण

२०७३ श्रावण १ गतेदेखि २०७४ आषाढ मसान्तसम्म

रकम रु.

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १) ऋण तथा लगानीबाट आम्दानी | १८ | १८,२४६,६०६,५७४ | १५,१६६,९४६,४०० |
| २) ब्याज खर्च | १९ | १४,८८२,६७७,४८३ | १२,७९२,३३४,७८३ |
| ३) कुल मुनाफा (१-२) | - | ३,३६३,९२९,०९१ | २,३७४,६११,६१७ |
| ४) विविध आम्दानी | २० | १४२,२५५,१७६ | १२७,०१९,८७७ |
| ५) व्यवस्थापन खर्च | | ९०८,०३५,५५८ | ८७०,९१७,६३० |
| क) कर्मचारी खर्च | २१ | ७४६,१०५,८२३ | ७२०,८०५,१३९ |
| ख) सञ्चालन खर्च | २२ | ११०,८९९,६७७ | ९८,९६१,०६६ |
| ग) ह्रास खर्च | | ४८,५७६,१२८ | ४८,८९२,७४९ |
| घ) वित्तीय खर्च | | २,४५३,९३० | २,२५८,६७६ |
| ६) कर्जा तथा लगानी जोखिम व्यवस्थाको अघिको मुनाफा (३+४–५) | - | २,५९८,१४८,७०९ | १,६३०,७१३,८६४ |
| ७) कर्जा तथा लगानी जोखिमको व्यवस्था | २३ | ७०७,७८८,४९९ | ५१,६०४,०७६ |
| ८) कर्जा तथा लगानी जोखिमको व्यवस्था पछिको मुनाफा (६–७) | - | १,८९०,३६०,२१० | १,५७९,१०९,७८८ |
| ९) अपलेखित कर्जाको आम्दानी/खर्च समायोजन अघिको मुनाफा (८+९) | | १,८९०,३६०,२१० | १,५७९,१०९,७८८ |
| १०) अपलेखित कर्जाको खुद खर्च (आम्दानी) | २४ | (३,३४१,६२२) | - |
| ११) खुद मुनाफा (नोक्सान) | | १,८९३,७०१,८३२ | १,५७९,१०९,७८८ |

# कर्मचारी सञ्चय कोष

(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)

## नगद प्रवाह विवरण

आर्थिक वर्ष २०७३/७४

रकम रु.

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| १. कार्य सञ्चालनबाट नगद प्रवाह | | |
| • यस वर्षको खुद मुनाफा (नोक्सान) | १,८९३,७०१,८३२ | १,५९९,०१७,४१७ |
| • ह्रास कट्टी तथा अवलेखनमा वृद्धि (कमी) | ४८,५७६,१२८ | ४८,८९२,७४९ |
| • जोखिम व्यवस्थाका लागि खर्चमा वृद्धि (कमी) | ७०७,७८८,४९९ | ५१,६०४,०७६ |
| • सञ्चय कोषमा व्याज खर्च | १४,८८२,६७७,४८३ | १२,७९२,३३४,७८३ |
| • दायित्व तथा व्यवस्थाहरूमा वृद्धि (कमी) | १८६,३७८,९९६ | १८१,६३१,६८३ |
| • विविध सम्पत्तिमा कमी (वृद्धि) | (४६१,८६२,७६४) | (९९,६२०,२१४) |
| जम्मा | १७,२५७,२६०,१७४ | १४,५७३,८६०,४९४ |
| २. वित्तीय श्रोतवाट नगद प्रवाह | | |
| • सञ्चय कोषमा वृद्धि (कमी) | १४,०४५,८६२,३९० | १७,२४८,१४२,१२५ |
| • जगेडा कोषहरूमा वृद्धि (कमी) | (३२१,५७५,७३०) | (१,५६८,६११,९६०) |
| जम्मा | १३,७२४,२८६,६६० | १५,६७९,५३०,१६५ |
| ३. लगानीमा नगद प्रवाह | | |
| • राष्ट्यि वचतपत्र तथा ऋणपत्र लगानीमा फिर्ता (थप) | १,४७७,५७७,०७१ | (२३९,२२२,५९०) |
| • शेयर लगानीमा फिर्ता (थप) | (८३६,०९७,४००) | - |
| • मुद्दती निक्षेप लगानी फिर्ता (थप) | ३,५४२,३५६,०६५ | (२१,१७२,३५६,०६५) |
| • परियोजना कर्जा असुली (थप ) | (९,०३५,४८४,०३२) | १,४४५,६०८,८७८ |
| • सञ्चयकर्ता सापटी असुली (थप ) | (२३,८८४,८०८,०६९) | (१४,०५२,८५४,१३५) |
| • स्थिर सम्पत्तिमा लगानी फिर्ता (थप) | - | - |
| • आवास परियोजना लगानी असुली (थप ) | - | - |
| • स्थिर तथा निर्माणाधिन सम्पत्ति विक्रि (खरिद ) | (५४,४७१,७६४) | (७५,९५५,५६३) |
| जम्मा | (२८,७९०,९२८,१२९) | (३४,०९४,७७९,४७६) |
| ४. खुद नगद प्रवाह (१+२+३) | २,१९०,६१८,७०५ | (३,८४१,३८८,८१६) |
| ५. शुरू नगद तथा बैंक मौज्दात | ४,१७३,३८५,५३९ | ८,०१४,७७४,३५५ |
| ६. अन्तिम नगद तथा बैंक मौज्दात (४+५) | ६,३६४,००४,२४४ | ४,१७३,३८५,५३९ |

# कर्मचारी सञ्चय कोषद्वारा सञ्चयकर्ताको हितमा उपलब्ध सेवाहरू :

### क) सञ्चित रकममा ब्याज प्रदान :

- ब्याजदर ८.०० प्रतिशत ।

### ख) मुनाफा :

- ०.७५ प्रतिशत (आ.व. २०७३/७४ को सञ्चय कोष शुरु मौज्दातको आधारमा) बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत उत्पादन परियोजनामा सञ्चयकर्ताको तर्फबाट शेयर लगानी गर्ने प्रयोजनको लागि ।

### ग) सापटी सुविधाहरू :

- विशेष सापटी: कोषकट्टी खातामा जम्मा भएको रकमको ९० प्रतिशतसम्म । ब्याजदर ९.५० प्रतिशत ।
- घर सापटी: घर निर्माण गर्न वा घर खरिद गर्न घर/जग्गाको धितोमा अधिकतम १५ वर्षको तलब वा रु. १ करोड सम्म । ब्याजदर ९.५० प्रतिशत ।
- शैक्षिक ऋण: घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको पति/पत्नी/छोरा/छोरीले स्वदेश वा विदेशमा उच्च शिक्षा हासिल गर्नका लागि अधिकतम रु. २५ लाखसम्म । ब्याजदर ९.५० प्रतिशत ।
- सञ्चयकर्ता सरल चक्र कर्जा: घर जग्गाको धितोमा न्यूनतम ५ लाख देखि अधिकतम रु. ३० लाखसम्म । ब्याजदर १० प्रतिशत ।
- घरमर्मत सापटी: घर मर्मत गर्न घरजग्गाको धितोमा अधिकतम ५ वर्षको तलब वा रु. २५ लाख रुपैयाँसम्म । ब्याज प्रतिशत : ९.५० (भुकम्प पिडितलाई १ प्रतिशत छुट )

(पुनश्चः सञ्चित रकम तथा सापटी सुविधाको लागि माथि उल्लिखित ब्याजदर आ.व.२०७४/७५ का लागि निर्धारण गरिएका हुन् ।)

### घ) सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू :

- सुत्केरी तथा शिशु हेरचाह योजना : प्रतिप्रसुती रु. ७ हजार ५ सयका दरले बढीमा २ पटकसम्म ।
- दुर्घटना क्षतिपूर्ति योजना : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु वा पूर्ण अंगभंग भएमा रु. १ लाख २५ हजारसम्म ।
- काजकिरिया अनुदान खर्च : सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा हकवालालाई एकमुष्ट रु. ३० हजार ।
- औषधि उपचार सहयोग कार्यक्रम: साधारण उपचारमा रु. २५ हजार र कडा रोगको उपचारमा रु. ५० हजारसम्म ।

### ङ) अन्य सुविधाहरू :

- कोषले ऋण लगानी गरेका आयोजनाहरुको शेयरमा सञ्चयकर्तालाई सहभागिता (अपर तामाकोशी हाइड्रोपावर, रसुवागढी हाइड्रोपावर र साञ्जेन हाइड्रोपावरमा शेयर प्रदान भइसकेको र कोषले ऋण लगानी गरेका/गर्ने अन्य आयोजनाहरुमा सञ्चयकर्ताको शेयर सुनिश्चित गर्ने कार्य भइरहेको )
- अनलाईन सेवा
- एण्ड्रोइड एप्लिकेशन
- ई-सर्भिस
- एस.एम.एस. सर्भिस
- टेलिकोष
- डाटा ईम्पोर्ट-सर्भिस
- नोटिसबोर्ड सर्भिस
- १० वटा शाखा कार्यालय तथा १ सेवा केन्द्रसहितको सहज आधुनिक सञ्जाल ।

### कोषको प्रतिवद्धता :

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय सेवाको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारको माध्यमबाट सामाजिक सुरक्षाको क्षेत्रमा कोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरुको सहकार्य र सामूहिक प्रयासको माध्यमबाट कोषलाई उत्कृष्ट सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने ।

### कोषका भावी कार्यक्रमहरू :

योगदानमा आधारित निवृत्तिभरण योजना,

बैदेशिक रोजगारीमा रहेका नेपाली कर्मचारी/कामदारको सञ्चय कोष योजना,

योगदानमा आधारित वृहत स्वास्थ्य सुविधा योजना,

असंगठित तथा स्वरोजगारमा रहेका कामदार तथा कर्मचारीको लागि सञ्चय कोष योजना,

बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर (जलविद्युत परियोजना) निर्माण ।

## बिक्रम सम्बत २०७५ सालको लागि

# सार्वजनिक बिदाहरू निर्धारण

कोषले बिक्रम सम्वत् २०७५ सालको लागि देहायबमोजिम बिदाहरू दिने निर्णय गरेको छ । सञ्चालक समितिको मिति २०७४/१२/२७ को बैठक नं. १५२७ को निर्णय बमोजिम नेपाल सरकारले तोकेको सार्वजनिक बिदाहरूलाई आधार मान्दै कोष प्रयोजनको लागि बिदाहरू निर्धारण गरिएको हो । सञ्चालक समितिको बैठक पश्चात जारी परिपत्र अनुसार नेपाल सरकारले नेपाल राज्यभर आकस्मिक रूपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा बिदा हुने छ भने २०७५ अषाढ मसान्तको दिन कोषको साल तमामी हिसाब गर्नु पर्ने र २०७५ भाद्र ३१ गते कोषको वार्षिकोत्सव पर्ने भएकोले उक्त दुवै दिन कोषको बाह्य कारोबार बन्द हुने छ ।

### १. वर्षभरिका शनिवार बिदा

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बैशाख | १ | ८ | १५ | २२ | २९ | जेष्ठ | ५ | १२ | १९ | २६ | |
| असार | २ | ९ | १६ | २३ | ३० | साउन | ५ | १२ | १९ | २६ | |
| भाद्र | २ | ९ | १६ | २३ | ३० | असोज | ६ | १३ | २० | २७ | |
| कार्तिक | ३ | १० | १७ | २४ | | मंसिर | १ | ८ | १५ | २२ | २९ |
| पुष | ७ | १४ | २१ | २८ | | माघ | ५ | १२ | १९ | २६ | |
| फाल्गुन | ४ | ११ | १८ | २५ | | चैत्र | २ | ९ | १६ | २३ | ३० |

### २. पर्व बिदाहरू :

२.१ सार्वजनिक बिदा हुने पर्वहरु :

(क) नववर्ष बैशाख १ गते शनिवार ।

(ख) महाशिवरात्री, फागुन २० गते सोमबार ।

(ग) फागु पूर्णिमा (काठमाण्डौ उपत्यका, धनकुटा, पोखरा, हेटौडा र सुर्खेत कार्यालयलाई) चैत ६ गते बुधबार र धनगढी, कोहलपुर, बुटवल, विराटनगर र जनकपुर शाखा कार्यालयहरुलाई चैत ७ गते विहीबार ।

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरु :

(क) किराँत राई, लिम्बू जातिको उभौली पर्व-चण्डी पूर्णिमा (वैशाख पुर्णिमा), वैशाख १७ गते सोमबार ।

(ख) गौरा पर्व, भदौ १८ गते सोमबार ।

(ग) इस्लाम धमार्वलम्बीहरुको पर्व, ईद (इदुल्लफित्र) का दिन ।

(घ) छठ पर्व, कात्तिक २७ गते मंगलबार ।

(ङ) इस्लाम धर्मावलम्बीहरुको पर्व, बकर ईद (इदुलजोहा) का दिन ।

(च) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि-ज्यापु दिवस (मङसिर पूर्णिमा, धान्य पूर्णिमा) पुष ७ गते शनिबार ।

(छ) इसाई धमार्वलम्बीहरुको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पुष १० गते मंगलबार ।

(ज) तमू ल्होसार, पुष १५ गते आइतबार ।

(झ) माघे संक्रान्ति एवम् माघी पर्व, माघ १ गते मंगलबार ।

(ञ) सोनम ल्होसार, माघ २२ गते मंगलबार ।

(ट) हिमाली आदिबासी शेर्पाहरुले मनाउने ग्याल्बो ल्होसार, फागुन २३ गते बिहीबार ।

(ठ) सिरुवापावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ्, सुनसरी, सिरहा र सप्तरी जिल्लामा ।

(ड) धवथाम्बु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा ।

### ३. महिला कर्मचारीहरूको लागि मात्र :

(क) हरितालिका (तीज), भदौ २७ गते बुधवार ।

(ख) जितिया पर्व, असोज १६ गते मंगलबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र ) ।

### ४. जात्रा बिदा (काठमाण्डौ उपत्यकालाई मात्र) :

(क) गाईजात्रा, भदौ ११ गते सोमवार ।

(ख) इन्द्रजात्रा, असोज ८ गते सोमवार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन)

(घ) घोडेजात्रा, चैत २२ गते शुक्रवार ।

### ५. दशै बिदा :

असोज ३० गते मंगलबारदेखि कार्तिक ३ गते शनिबारसम्म (फूलपातीदेखि एकादशीसम्म)

### ६. तिहार बिदा :

(क) लक्ष्मीपूजा, कार्तिक २१ गते बुधबार ।

(ख) गोवर्धन पूजा, म्हपूजा, नेपाल सम्वत्, कार्त्तिक २२ गते विहीबार ।

(ग) भाइटीका, कार्त्तिक २३ गते शुक्रबार ।

### ७. दिवस बिदा :

७.१ सबैलाई हुने सार्वजनिक दिवस बिदाहरु :

(क) विश्व मजदुर दिवस, (मे १) बैशाख १८ गते मंगलबार

(ख) संविधान दिवस (राष्ट्रिय दिवस), असोज ३ गते बुधबार ।

(ग) अन्तराष्ट्रिय महिला दिवस, (मार्च ८) फागुन २४ गते शुक्रबार ।

७.२ अपाङ्गता भएका कर्मचारीहरको लागि मात्र :

अन्तराष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्गसिर १७ गते सोमबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्गता भएका कर्मचारी हरुको लागि मात्र)

### ८. जन्मजयन्ती बिदा :

८.१ सबैलाई हुने सार्वजनिक जयन्ती बिदा :

बुद्ध जयन्ती, बैशाख १७ गते सोमबार ।

८.२ सम्बन्धित धमार्वलम्बीहरुका लागि मात्र :

(क) गुरु नानक जयन्ती, मङ्गसिर ७ गते शुक्रबार । (नेपाली शिख धर्मावलम्बी)

(ख) फागुनन्द जयन्ती, कार्तिक २५ गते आइतबार (किराँत धर्मावलम्बी) ।

### ९. कार्यालय हाजिर हुने र छुट्ने समय :

(क) २०७५ बैशाख १ गतेदेखि २०७५ कात्तिक १५ गते सम्म तथा २०७५ माघ १६ गते देखि २०७५ चैत्र मसान्त सम्म विहान १०:०० वजे देखि अपरान्ह ५:०० वजेसम्म र २०७५ कात्तिक १६ गते देखि २०७५ माघ १५ गतेसम्म विहान विहान १०:०० वजे देखि अपरान्ह ४:०० वजेसम्म

(ख) प्रत्येक शुक्रबार बिहान १०:०० बजे देखि अपरान्ह १:३० बजे सम्म ।

१०. नेपाल सरकारले नेपाल राज्यभर आकस्मिक रुपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा बिदा हुनेछ ।

११. २०७५ अषाढ मसान्तको दिन कोषको साल तमामी हिसाब गर्नु पर्ने र २०७५ भाद्र ३१ गते कोषको वार्षिकोत्सव पर्ने भएकोले उक्त दुवै दिन कोषको बाहृय कारोबार बन्द हुने ।

**द्रष्टव्य :**

सञ्चयकर्तालाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको **१:३० बजे देखि २:३० बजेसम्म** खाजा खाने समय कायम गर्ने ।

फोटो फिचर







कोषमा नवप्रवेशी कर्मचारीहरूको सेवा प्रवेश तालिम कार्यक्रम समापन तथा प्रमाणपत्र वितरण समारोहमा उपस्थित नवप्रवेशी कर्मचारीहरू एवं कोषका अधिकारीहरू । कोषको बि.नं. १४-१९/०७३/७४ अनुसार शाखा अधिकृत पदसंख्या ५ र प्रमुख सहायक पदसंख्या २३ को लागि आवेदन माग भए बमोजिम सेवा प्रवेश गरेका कर्मचारीहरूलाई अभिमुखिकरण तालिम पश्चात कोषका विभिन्न शाखाहरूमा पदस्थापन गरिसकिएको छ ।





कोषको पुल्चोकस्थित तालिम हलमा आयोजित शेयर तथा डिम्याट खाता सम्बन्धि अभिमुखिकरण तालिममा उपस्थित कोषका भूतपुर्व कर्मचारी एवं उच्च अधिकारीहरू ।


## कर्मचारी सञ्चय कोष

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
फोन नं. : ०१ ५०१०१८०
website : www.epfnepal.com.np
email: **planning**@epfnepal.com.np



### सम्पादन मण्डल

विभागीय प्रमुख श्री केदारनाथ गौतम
बरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी
प्रबन्धक श्री बीरेन्द्र पौडेल
शाखा अधिकृत श्री ओजस्वी गौतम
शाखा अधिकृत श्री राजेन्द्र विक्रम केसी